

# ५ अहङ्कारबाट नम्रतासम्म

*यस अध्यायका मूल पदहरू:* दानिएल ४:१-३३, हितोपदेश १४:३१, २ राजा २०:२-५, योना ३:१०, दानिएल ४:३४-३७ र फिलिप्पीहरूलाई २:१-११।

*यस अध्यायको मूल सार पद:* **"उहाँका चिन्हहरू कति महान् छन्, उहाँका अचम्मका कामहरू कति शक्तिशाली छन्! उहाँको राज्य अनन्तको राज्य हो, उहाँको प्रभुत्व पुस्तौं-पुस्तासम्म रहिरहन्छ।" दानिएल ४:३।**

पहिलो पाप नै घमण्ड गर्नु हो भनेर भनिएको छ। सबभन्दा पहिला स्वर्गदूतहरूको अगुवा लुशिफरले घमण्ड प्रकट गरेको थियो। स्वर्गको दरवारमा लुशिफरको स्थान अरू स्वर्गदूतहरूभन्दा अघिल्लो स्थानमा थियो। तर जुनरूपमा ऊ सजिएको र जुन अधिकार उसलाई दिइएको थियो त्यसले गर्दा परमेश्वर आफैले अगमवक्ता इजकिएलमार्फत उसको बारेमा भन्नुभयो "तिम्रो सौन्दर्यताले तिम्रो हृदयलाई माथि उचाल्यो। तिमी तेजस्वी भएको कारणले आफ्नै बुद्धि लगाएर आफूलाई भ्रष्ट पार्‍यौ। म तिमीलाई भुइँमा पछार्नेछु। राजाहरूको सामु तिमीलाई लडाइ दिनेछु। तिनीहरूले तिमीलाई हेर्नेछन्" (इजकिएल २८:१७ रूपान्तरित)।

घमण्डले लुशिफरलाई गिरायो। मानिसको दिमागमा उसैले घमण्ड वा अहङ्कार रोपिदियो जसको फलस्वरुप तिनीहरू परमेश्वरको अस्तित्वलाई चुनौति दिदै उहाँको बिरुद्धमा खडा भए वा त्यसको लागि अभियान नै चलाए। यस प्रवृत्तिले मानिसलाई गिराउँने मात्र होइन उसलाई ध्वस्त नै बनाउछ। हामी पापी र पतित मानव हौं। हाम्रो अस्तित्वको मूल स्रोत नै परमेश्वर हुनुहुन्छ र उहाँमा नै भरपरेर हामी चल्दछौं। हामीमा जे दक्षता, सीप, प्रतिभा वा क्षमताका बरदानहरू छन् ती सबै परमेश्वरबाटै आएका हुन्छन्। हाम्रा सबै उपलब्धिहरूको श्रेय परमेश्वरलाई दिनुपर्छ। त्यसकारण घमण्ड गर्ने, शेखी

गर्ने, अभिमान गर्ने, आफ्नो भाऊ खोज्ने, धाक देखाउने र फाइफुट्टी लगाउने बानी वा दुससाहस हामीमा कहाँबाट आयो जब कि हामीले जे गरेतापनि, जस्तो अवस्थामा भएतापनि हामीमा नम्रताले राज गर्नुपर्थ्यो हैन र?

नम्रताको गरिमा वा महत्वलाई बुझ्न राजा नबूकदनेसरलाई धेरै समय लागेको थियो। आगोको भट्टीमा चौथौं मानिस देख्दा पनि उनको अहङ्कार वा सेखी गर्ने बानीमा परिवर्तन आएको थिएन। जब परमेश्वरले उनको राज्यबाट उनलाई हटाएर पशुहरूसँग जङ्गलमा राखु भयो तब मात्र यथार्थमा उसले आफू को हुँ वा आफ्नो हैसियत कति रहेछ भनेर उनले चिन्न सके।

## १. यो बेबिलोन महान् छैन र?

दानिएल ४:१-३३ पढ्नुहोस्। यहाँ राजालाई के भयो र किन भयो? हेर्नुहोस् "१ सारा पृथ्वीमा रहने विभिन्न भाषा बोल्ने जाति-जातिहरूका मानिसहरूलाई राजा नबूकदनेसरबाटः तिमीहरूलाई ठूलो संवृद्धि मिलोस्! २ सर्वोच्च परमेश्वरले मेरो निम्ति गरिदिनुभएका आश्चर्यकर्मका चिन्हहरू र अचम्मका कामहरूको बारेमा तिमीहरूलाई बताउन पाउँदा म खुशी छु। ३ उहाँका चिन्हहरू कति महान् छन्, उहाँका अचम्मका कामहरू कति शक्तिशाली छन्! उहाँको राज्य अनन्तको राज्य हो, उहाँको प्रभुत्व पुस्तौं-पुस्तौंसम्म रहिरहन्छ। ४ म नबूकदनेसर, सन्तुष्टि र समृद्धिसाथ आफ्नो दरबारमा बसिरहेको थिएँ। ५ मैले एउटा यस्तो सपना देखें, जसले मलाई भयभीत तुल्यायो। जसै म ओछ्यानमा ढल्किरहेको थिएँ, मेरो मनमा आएका कल्पनाहरू र दर्शनहरूले गर्दा म तर्सिएँ। ६ यसकारण त्यस सपनाको अर्थ खोल्नलाई बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मेरो सामुन्ने खड़ा गराउने हुकुम गरें। ७ जब जादूगरहरू मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरू आए, मैले उनीहरूलाई सपना बताएँ, तर उनीहरूले मलाई त्यसको अर्थ बताउन सकेनन्। ८ अन्तमा दानिएल मकहाँ आए र मैले तिनलाई सपना बताइदिएँ। (तिनको नाउँ मेरो देवताको नाउँजस्तै बेलतसजर हो, र पवित्र देवताहरूको आत्मा तिनमा छ।) ९ मैले भने, "हे बेलतसजर, जादूगरहरूका प्रमुख, म जान्दछु कि तिमीमा पवित्र देवताहरूको आत्मा छ, र तिम्रो लागि कुनै पनि रहस्य अप्ठ्यारो छैन। सपना यही हो, यसको अर्थ मलाई बताइदेऊ। १० ओछ्यानमा पल्टिरहँदा मैले देखेका दर्शनहरू यी नै हुन्: मैले देखें, मेरो सामुन्ने पृथ्वीको बीचमा एउटा ठूलो रूख खड़ा भएको रहेछ। त्यो अत्यन्तै अग्लो थियो। ११ त्यो रूख ठूलो र बलियो हुँदैगयो र त्यसको टुप्पोले आकाश छोयो, पृथ्वीको छेउसम्म पनि त्यो

देखिन्थ्यो। १२ त्यसका पातहरू सुन्दर र त्यसका फलहरू प्रशस्त थिए, र
त्यसमा सबैको लागि खाना थियो। त्यसको मुनि वनका पशुहरूले वास पाउँथे,
त्यसका हाँगाहरूमा चराहरू बस्थे, त्यसबाट सबै प्राणीहरूले खाना पाउँथे। १३
“ओछ्यानमा पल्टिरहेको बेला मैले दर्शनमा मेरो अगि स्वर्गबाट एक
समाचारवाहक, एक पवित्र जन तल आइरहेका देखें। १४ उनले चर्को स्वरमा
कराएर भने, “त्यस रूखलाई ढालिदे र हाँगाहरूलाई काटिदे, त्यसका पातहरू
झारिदे र त्यसका फलहरू छरपष्ट पारिदे। पशुहरू त्यसको छहारीबाट र
चराहरू त्यसका हाँगाबाट भागून्। १५ तर फलाम र काँसाले बाँधिएको त्यसका
ठुटो र जराहरू जमिनमा, खेतको घाँसमा नै रहोस्। “आकाशको शीतले
त्यसलाई भिजाओस्, र त्यो पशुहरूसँग पृथ्वीका बोट-बिरुवाहरूका बीचमा
रहोस्। १६ त्यसको मन मानिसकोबाट बद्लिएर त्यसलाई पशुको मन
दिइओस्, जबसम्म त्यसको लागि सात काल बित्नेछैनन्। १७ “समाचार
वाहकहरूद्वारा निर्णय सुनाइएको छ, पवित्र जनहरूले फैसलाको घोषणा गर्दछन्,
ताकि जीवित प्राणीहरूले जानून् कि मानिसहरूका राज्यमाथि सर्वाधिकार
सर्वोच्चकै छ, र उहाँले इच्छा गर्नुभएकाहरूलाई ती राज्यहरू दिनुहुन्छ र
मानिसहरूमा सबभन्दा नम्रलाई ती राज्यमाथि खड़ा गर्नुहुन्छ।” १८ “म राजा
नबूकदनेसरले देखेको सपना यही हो। अब हे बेलतसजर, यसको अर्थ मलाई
बताइदेऊ, किनभने मेरो राज्यमा भएका ज्ञानी पुरुषहरूमध्ये कसैले पनि यसको
अर्थ मलाई बताउन सक्दैन। तर तिमीले सक्छौ, किनभने पवित्र देवताहरूका
आत्मा तिमीमा छ।” १९ दानिएल (जसलाई बेलतसजर पनि भनिन्छ) केही
बेरसम्म अत्यन्तै व्याकुल भए, र आफ्ना विचारहरूले तिनलाई भयभीत पारे।
यसकारण राजाले भने, “हे बेलतसजर, सपना र त्यसको अर्थले तिमीलाई व्याकुल
नपारोस्।” बेलतसजरले जवाफ दिए, “मेरा प्रभु, यदि यो सपना हजूरका
शत्रुहरूलाई र यसको अर्थ हजूरका विरोधीहरूलाई लागू हुने भए त हुनेथियो।
२० हजूरले देख्नुभएको रूख, जुन बढ़ेर विशाल र बलियो भयो, र सम्पूर्ण
पृथ्वीबाट देखिने गरी त्यसको टुप्पाले आकाश छोयो, २१ सुन्दर पातहरू र
प्रशस्त फलहरूसहित जसले सबैलाई खाना दिन्थ्यो, वनका पशुहरूलाई छहारी
दिन्थ्यो, र जसका हाँगाहरूमा आकाशका चराहरूका लागि गुँड़हरू थिए, २२ हे
महाराजा, हजूर नै त्यो रूख हुनुहुन्छ। हजूर महान् र शक्तिशाली हुनुभएको छ,
हजूरको महानता बढ़ेर आकाशसम्मै पुगेको छ, र हजूरको प्रभुत्व पृथ्वीको पल्लो
छेउसम्मै छ। २३ “हे महाराजा, हजूरले एक समाचारवाहक, एक पवित्र जनलाई
स्वर्गबाट तल झर्दै र यसो भन्दैगरेको देख्नुभयो, ‘त्यस रूखलाई काटेर नष्ट

गरिदे, तर खेतको घाँसमा फलाम र काँसाले बाँधिएको अवस्थामा ठुटोचाहिँ छोड़िदे, जब कि त्यसका जराहरू जमिनमा नै रहन्छन्। आकाशको शीतले त्यो भिजोस्, त्यसको लागि सात काल नबितुञ्जेल त्यो जङ्गली जनावरहरूजस्तै भएर जिओस्।" २४ "हे महाराजा, त्यसको अर्थ यही हो, र सर्वोच्चले मेरा प्रभु महाराजाको विरुद्धमा दिनुभएको हुकुम यही होः २५ हजूर मानिसहरूबाट निकालिनुहुनेछ र जङ्गली पशुहरूसँग बस्नुहुनेछ, गाईबस्तुहरूझैं हजूरले घाँस खानुहुनेछ र आकाशको शीतले हजूर भिज्नुहुनेछ। हजूरको लागि सात काल बित्नेछ, जबसम्म हजूरले यो जान्नुहुन्न कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ। २६ जरासहित ठुटो छोड्नू भन्ने हुकुमको अर्थ यो होः स्वर्गले शासन गर्दछ भन्ने कुरा जब हजूरले स्वीकार गर्नुहुनेछ, तब हजूरको राज्य हजूरलाई फिर्ता गरिनेछ। २७ यसकारण हे महाराजा, मेरो सल्लाह लिन हजूर मन्जूर गर्नुहोस्, धर्म गरेर आफ्ना पापलाई त्याग्नुहोस् र अत्याचारमा परेकाहरूलाई दया देखाएर आफ्नो दुष्टतालाई छोड्नुहोस्। हुन सक्छ, त्यसपछि हजूरको ऐश्वर्य कायम रहनेछ। २८ यी सबै कुराहरू राजा नबूकदनेसरमाथि घट्यो। २९ बाह्र महिनापछि जब राजा बेबिलोनको राजदरबारको कौसीमा टहलिँदैथिए, ३० उनले भने, "के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु?" ३१ यी शब्दहरू उनको ओठबाट नसिद्धिँदै स्वर्गबाट एउटा यस्तो वाणी आयो, "नबूकदनेसर राजा, तेरो लागि फैसला गरिएको छः तँबाट तेरो राजकीय अधिकार खोसिएको छ। ३२ तँ मानिसहरूबाट धपाइनेछस् र जङ्गली पशुहरूसित बस्नेछस्, तैंले गाईबस्तुले झैं घाँस खानेछस्। तेरो लागि सात काल बित्नेछ, जबसम्म तैंले यो स्वीकार गर्दैनस् कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" ३३ नबूकदनेसरको बारेमा जो कुरो भनिएको थियो, तुरुन्तै पूरा भयो। उनी मानिसहरूबाट धपाइए र उनले गाईबस्तुले झैं घाँस खान थाले। उनको रौं चीलका प्वाँखजस्तै र उनका नङहरू चराका नङ्ग्राहरूजस्तै नहोउञ्जेल उनको शरीर आकाशको शीतले भिज्यो।"

परमेश्वरले राजालाई दोस्रो सपना देखाउनुहुन्छ। दोस्रोपटक राजाले आफ्नो सपना बिर्सदैनन्। उनले बेबिलोनका बुद्धिजीवि र विभिन्न ज्ञानविज्ञानमा पोख्त भएकाहरूलाई बोलाएर आफ्नो सपनाको अर्थ खोलिदिन आदेश दिन्छन्। पहिले सपना भन्न र त्यसको अर्थ खोल्न ती बुद्धिजीवीहरूलाई अनुरोध गर्दा ती

बुध्दिजीविहरूले राजाले देखेको सपना भनिदिएमात्र त्यसको अर्थ खोलिदिन्छौं भनेका थिए तर यस बेला सपनाभन्दा पनि तिनीहरू त्यसको अर्थ बताउन असमर्थ भएका थिए। अनि राजाले दानिएललाई बोलाउँदछन् र आफूले देखेको सपना तिनलाई सुनाउछन् र त्यसको अर्थ खुलाउन अनुरोध गर्दछन्। राजाले आफ्नो सपना यसरी सुनाउँछन्ः सपनामा उनले एउटा ठूलो रुख देख्छन्। त्यो रुख यति अग्लो थियो कि त्यसको टुप्पो आकाशसम्मै पुग्छन्। अनि स्वर्गको एउटा जीवले त्यो रुख काट्न आदेश गर्छन्। अनि ठूटो र जराहरू जमीनमा छोडिदिन्छन्। स्वर्गको शितले तिनीहरू भिज्छन्। यति सम्म त आफ्नो सपनासँग राजालाई चिन्ता थिएन तर स्वर्गको जीवले भनेको कुरामा राजालाई सारै चिन्ता भएको थियो, "*उसमा भएको मानिसको हृदयलाई* परिवर्तन गरि उसलाई पशुको हृदय देऊ र त्यसले सात काल वा वर्ष बिताओस्" (दानिएल ४:१६)। सपना सुन्ने बितिक्कै दानिएल गम्भीर हुन्छन् र त्यो सपनामा हुने घट्ना राजाका शत्रुहरूको जीवनमा घटेको भए हुन्थ्यो भनेर उनले नम्रताका साथ राजालाई सुनाउँछन्। तर सपनाको अर्थ भन्नै पर्ने करलागि भएको हुनाले दानिएल राजालाई यो भने कि त्यो सपनाले राजा आफैलाई सम्बोधन गरेको हो। रुखलाई राजा, राष्ट्र, साम्राज्य र मानिसको प्रतीकको रूपमा बाइबलले प्रायजसो उल्लेख गर्दछ (इजकिएल १७:३१, होशे १४, जकिरिया ११:१,२ र लूका २३:३१)। त्यसकारण घमण्डी, स्वेच्छाचारी, हठी र अहङ्कारी राजाको चरित्रलाई जनाउन रुखलाई प्रतीकात्मक रूपमा प्रयोग पर्नु उचितै थियो। परमेश्वरले नै राजा नबूकदनेसारलाई प्रभुत्व र शक्ति दिनुभएको थियो तर उनमा भएका सबै थोक परमेश्वरबाट नै आउँछ भन्ने कुरो निरन्तररूपमा राजाले स्वीकार गर्न चाहेका थिएनन्।

**दानिएलले बहादुरीताकासाथ राजाको प्रवृतिलाई खुलस्त पारेर सुनाएका थिए। उनले पाएका यश, समृद्धि परमेश्वरबाट नै आएको हो भन्ने कुरा नबुझ्दा उनलाई के हुने छ भनेर चेतावनी दिइएतापनि राजाले उक्त सत्यलाई अझै बुझ्न सकेका थिएनन् ? हेर्नुहोस्, दानिएल ४:२९,३० "२९ बाह्र महिनापछि जब राजा बेबिलोनको राजदरबारको कौसीमा टहलिँदैथिए, ३० उनले भने, "के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु?"**

अहङ्कार र घमण्ड वा सेखी गर्नु खतरापूर्ण छ किनभने सबै थोकमा हामी परमेश्वरमा भरपर्छौं भन्ने कुरा यसले बिर्साइदिन्छ। जब हामी यो बिर्सन्छौं

हामी भौतिक सुखसमबृद्धिमात्र होइन आत्मिक आयाममा पनि घमण्डले हामीलाई नाश पार्ने खतरामा पुर्याउन सक्छ।

**तपाईंको जीवनमा तपाइँले के के उपलब्धिहरू हासिल गर्नुभएको छ? घमण्ड नगरिकन के तपाईं तिनीहरूको गौरब गर्न सक्नुहुन्छ? सक्नुहुन्छ भने कसरी ?**

## २. अगमवक्ताद्वारा चेतावनी

**दानिएलले राजा नबूकदनेसारलाई उनको सपनाको भेद खोलिदिएर भविष्यमा उनलाई के हुनेछ भनेर सतर्क पनि गराएका थिए, त्यसकारण उनले के अब गर्नुपर्छ र किन गर्नुपर्छ भनेर पनि दानिएलले उनलाई सल्लाह दिएका थिए। हेर्नुहोस्, दानिएल ४:२७ "यसकारण हे महाराजा, मेरो सल्लाह लिन हजूर मन्जूर गर्नुहोस्, धर्म गरेर आफ्ना पापलाई त्याग्नुहोस् र अत्याचारमा परेकाहरूलाई दया देखाएर आफ्नो दुष्टतालाई छोड्नुहोस्। हुन सक्छ, त्यसपछि हजूरको ऐश्वर्य कायम रहनेछ।" यसै सन्दर्भमा हितोपदेश १४:३१ पनि पढ्नुहोस् "गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ।"**

दानिएलले सपनाको अर्थमात्र भन्दैनन् तर त्यस भयाभव परिस्थितिबाट उम्कन राजालाई बाटो समेत देखाउँछन् "त्यसकारण, हे महाराज मेरो सल्लाह तपाईंको निम्ति स्वीकारयोग्य होस्: तपाईं धर्मी भएर तपाईंको पाप तोड्नुहोस्। गरिबहरूलाई दया देखाएर तपाईंको दुष्टता हटाउनुहोस्। अनि सम्भवत: तपाईंको समृद्धि, यश र कीर्तिको आयु लामो हुनेछ " (दानिएल ४:२७ रूपान्तरित)।

बेबिलोन सभ्यतालाई स्वर्णयुगमा पुऱ्याउन र त्यस देशको गौरबलाई उच्च पार्न राजा नबूकदनेसारले ठूलो मेहनत गरेका थिए। उनले निर्माण गरेका बेबिलोनका भवनहरू भव्य र सुन्दर थिए। उनले निर्माण गरेका सम्पदाहरूमध्ये विश्वले नै अचम्म मान्ने झुण्डिएको भव्य बगैंचा पनि थियो जुन अग्लो संरचनामा निर्माण भएको थियो, पानी बग्ने कुलोको निर्माणलाई त्यसबेला उच्च प्राविधि मानिएको थियो, सयौं भव्य मन्दिर र अन्य भवनहरूको निर्माण गरिएका थिए। तर देशको ऐश्वर्य र यशलाई थाम्न गरिने निर्माण कार्यमा उनले दासहरूलाई लगाएका थिए। दासहरूलाई शोषण गरि गरिबहरूलाई वास्ता नगरि बेबिलोन देशको सान बढाउन राजा अघि बढेका थिए। बेबिलोन साम्राज्यको धन सम्पत्तिले देश र जनताको हित नगरि राजा र

उनका भारदारहरूको मोजमज्जामा काम गरेको थियो। आफ्नो देशको भव्य सम्पदालाई हेरेर अनि आफ्नो देशमा भएको धनको थुप्रोले राजालाई घमण्डी र अहङ्कारी वनाएको थियो र परमेश्वरको अस्तित्वलाई स्वीकार गर्नुपर्ने वाध्यता वा आवश्यकता उनले ठानेका थिएनन्। परमेश्वरलाई विश्वास नगरेका राजाले आफ्नो सम्पन्नताको वावजूत पनि  गरिब जनताको आवश्यकताप्रति आँखा चिम्लेका थिए। तिनीहरूको परिश्रम र पसिनालाई उनले वास्ता गरेका थिएनन्। परमेश्वरले गरिबहरूप्रति विशेष चासो देखाउनु हुन्छ भन्ने कुरालाई राजाले गरेको वेवास्ता राजा नबूकदनेसरको निम्ति एक उल्लेखनीय पाप हो भनेर दानिएलले औँल्याएका छन्।

राजा नबूकदनेसारलाई दिइएको सन्देश बाइबलीय परिप्रेक्षमा कुनै नौलो कुरा थिएन। गरिबहरूलाई शोषण नगर्न, नहेप्न र नदबाउन परमेश्वरले अगमवक्ताहरूमार्फत बारम्बार खबरदारी गर्नुभएको थियो। अन्य पापहरूमा खाचोमा परेकाहरूको वेवास्ता गर्नु पनि एक उल्लेखनीय पाप भएकोले इस्राएलका राजाहरू निर्वासनमा जानुपरेको थियो।

गरिबलाई करुणा, दया, प्रेम देखाउने, उसप्रति उदार हुने गुण इसाई आस्थाको उच्च गुण वा आचारसंहिता हो। ( जिब्रो र मुखलेमात्र दया र करुणाको भाषण नछाँट तर सत्य र कामद्वारा देखाऊ भनेर १ यूहन्ना ३:१८ले भन्दछ)। अनि गरिबहरूको शोषण गर्नु र तिनीहरूलाई वेवास्ता गर्नु नै परमेश्वरप्रति आक्रमण गर्नु हो भनेर परमेश्वरले ठान्नुभएको छ। जब हामी खाचोमा परेकाहरूको सेवा गर्दछौं तब सबै थोक परमेश्वरकै हो भनेर हामी स्वीकार्न पुग्दछौं, त्यसको अर्थ हामीसँग जे छ त्यो केवल परमेश्वरले हामीलाई जिम्मा लगाउनुभएको वा रेखदेख गर्न सुम्पिनुभएको उहाँको सम्पत्ति हो भनेर हामी महसुस गर्न पुग्दछौं।

हामीसँग जे छ त्यसलाई परिचालन गरेर जब हामी अरूको सेवा गर्छौं त्सस कार्यले परमेश्वरको आदर गरेको ठहर्दछ र उहाँ हाम्रो प्रभु हुनुहुन्छ भनेर हामी स्वीकार्न पुग्छौं। हामीसँग जे जति भौतिक सम्पत्ति छन् ती परमेश्वरकै हुन् भनेर महसुस गरेपछि उहाँलाई नै मध्यनजर राखेर त्यसको मूल्यमान्यता अनुसार परिचालित कसरी हुने भनेर सोच्नुपर्दछ। यस मामिलामा राजा नबूकदनेसर प्राय असफल भए। यदि हामीले हाम्रा उपलब्धिहरूको श्रेय परमेश्वरलाई दिएनौं र खाचोमा परेकाहरूप्रति संवेदनशील भएर सेवा गरेनौं भने हामी पनि राजा नबूकदनेसर परेकै कित्तामा पर्नसक्छौं।

## ३. "अत्यन्तै उच्च तथा महान् परमेश्वरले राज गर्नुहुन्छ..."

पश्चाताप गर्न अनुरोध गरिएतापनि र परमेश्वरको क्षमाको निम्ति याचना गर्न आह्वान गरिएतापनि नबूकदनेसरले आफ्नो घमण्ड र अहङ्कारलाई छोडेनन्। त्यसको फलस्वरुप परमेश्वरले उच्चारण गर्नुभएको उनीप्रतिको आदेशको कार्यान्वयन हुनैपरेको थियो (दानिएल ४:२८-३३)। जब आफ्नो दरवारको कौशीमा हिँड्दै आफ्नो उपलब्धिको बारेमा आफूलाई नै प्रशंसा गर्दै थिए तब उनको दिमागमा अचानक मानसिक रोगले आक्रमण गऱ्यो। उनको बहुलापनले गर्दा उनी दरवारबाट लखेटिनुपऱ्यो। उनको दिमागमा सर्किएर लाइक्रोनथ्रोपी वा जोनथ्रोपी अर्थात् पशुको स्वभाव हुने मानसिक रोग लागेको हुनुपर्छ। यस्तो अवस्थामा बिरामीले पशुजस्तै व्यवहार देखाउँछ। अहिलेको समयमा त्यो रोगलाई "स्पेसिज डिस्फोरिया" भनिन्छ। जब कुनै मानिस सो रोगले ग्रसित हुन्छ तब उसले आफूमा गलत शरीर धारण भएको अनुभव गर्दछ र त्यसको फलस्वरूप आफू पशु हुन चाहेको करा देखाउँदछ।

**विश्व सम्राट र बेबिलोन सभ्यताको स्रष्टा वा मालिक नबूकदनेसरले त्यस्तो कहाली लाग्दो परिस्थितिबाट जोगिने अवसर पाएको थियो। देहायका केही पदहरूले यसलाई कसरी पुष्टि गर्छ, हेर्नुहोस्ः २ राजा २०:१-६ "१ ती दिनमा हिजकिया बिरामी भएर मर्नै लागेका थिए। आमोजका छोरा अगमवक्ता यशैया तिनीकहाँ आएर भने, "परमप्रभु यही भन्नुहुन्छः तिम्रो घरलाई ठीकठाक पार्, किनभने तिमी मर्नेछौ। तिमी निको हुनेछैनौ।" २ तब हिजकियाले भित्तातिर फर्केर परमप्रभुलाई प्रार्थना चढ़ाए, ३ "हे परमप्रभु, सम्झना राख्नुहोस्, म तपाईंको सामुन्ने कस्तो विश्वास र सम्पूर्ण हृदयको भक्तिसाथ हिँड़को छु, र तपाईंको दृष्टिमा जे असल छ त्यो गरेको छु।" अनि हिजकिया धुरुधुरु रोए। ४ यशैया बीचको चोकबाट बाहिर जान अघि परमप्रभुको यो वचन तिनीकहाँ आयोः ५ "फर्केर मेरो प्रजाको अगुवालाई भन्, 'तिम्रो पुर्खा दाऊदका परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः मैले तिम्रो प्रार्थना सुनें र तिम्रो आँसु देखें। म तिमीलाई निको पार्नेछु। आजको तेस्रो दिन तिमी परमप्रभुको मन्दिरमा जानेछौ। ६ म तिम्रो आयु अरू पन्ध्र वर्ष बढ़ाइदिनेछु। अनि तिमीलाई र यस सहरलाई अश्शूरको राजाको हातबाट छुटाउनेछु। मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यस सहरको रक्षा गर्नेछु'।", योना ३ "१ तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जा, र म जे समाचार तिमीलाई दिन्छु, सो त्यहाँ घोषणा गर्।" ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन**

लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, “अबको चालीस दिनमा निनवे नष्ट हुनेछ” ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। “राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।” १० तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।" यर्मिया १८:७,८ "५ तब परमप्रभुको यो वचन मकहाँ आयोः ६ “हे इस्राएलको घराना, यस कुमालेले गरेझैं के म तँलाई पनि गर्न सक्दिनँ र?” परमप्रभु भन्नुहुन्छ। “हे इस्राएलको घराना, कुमालेको हातमा माटो भएझैं तिमी पनि मेरो हातमा छौ। ७ यदि कुनै बेला कुनै जाति अथवा कुनै राज्यको विषयमा त्यसलाई उखेलिदिन्छु, तोड़िदिन्छु र सर्वनाश गरिदिन्छु भनी मैले भनेको छु भने, ८ र यदि मैले चेताउनी दिएको जातिले आफ्नो खराबीदेखि पछितो गऱ्यो भने, मैले सोचेको विपत्ति त्यसमाथि ल्याउनदेखि म मेरो मन बद्लनेछु।"

"कोही पढेर,अनि कोही परेर सिक्छन्" भन्ने उखान जस्तै दुर्भाग्यवस राजा नबूकदनेसरले परेर नै अमूल्य पाठ सिक्नपऱ्यो। जब राजकीय शानमा बस्दा राजा नबूकदनेसरले परमेश्वरसँगको सम्बन्धमा ध्यान दिन असमर्थ भएका थिएन। तर जब राजालाई राजकीय अधिकार र सम्मानबाट हटाएर जङ्गलका पशुहरूसँग रहन बाध्य गराइयो तबमात्र उनमा परमेश्वरमाथि पूरा भरोसा राख्नुपर्ने रहेछ भन्ने ज्ञानको महसुस भएको थियो। घमण्ड र आफ्नो पराक्रममा फइफूट्टी लगाउने राजाले एउटा महत्त्वपूर्ण पाठ सिकून् भन्ने परमेश्वरको चाहना थियो। "यस संसारको शासन परमेश्वरले गर्नुहुन्छ" (दानिएल ४:२६ रूपान्तरित)। अर्थात् यस संसारका मानिसहरूले आफ्ना उपलब्धी वा पराक्रमको बारेमा जतिसुकै घमण्ड गरेपनि आखिरमा यस संसारको प्रभुत्व परमेश्वरकै हातमा छ भनेर सबैले बुझ्नुपर्दछ। परमेश्वरले

गर्नुभएको राजामाथिको न्याय वा फैसला केवल उनलाईमात्र होइन न कुनै स्थानीय व्यक्ति वा इतिहासका पानामामात्र लेखिने कुरा नभएर यस घट्नाले परमेश्वरको यो महान् लक्ष्यको योजनालाई स्पष्ट पारेको थियो। ताकि जीवित प्राणीहरूले जानून् कि मानिसहरूका राज्यमाथि सर्वाधिकार सर्वोच्चकै छ, र उहाँले इच्छा गर्नुभएकाहरूलाई ती राज्यहरू दिनुहुन्छ र धेरै मानिसहरूमध्ये सबभन्दा नम्रलाई ती राज्यमाथि खड़ा गर्नुहुन्छ।" (दानिएल ४:१७)।

अर्को अर्थमा भन्ने हो भने जुन अनुशासन राजा नेबूकदनेसरमाथि लागू गरियो त्यही अनुशासन हाम्रो निम्ति पनि पाठ हो भनेर हामीले बुझ्नुपर्दछ। हामी पनि जीवितहरू मध्यैकै एक अभिन्न अंङ्ग भएको हुनाले हामीले पनि यो मुख्य पाठमा ध्यान दिनु जरुरी ठान्नुपर्दछः "सारा मानिसहरूको राज्यमाथि अत्यन्तै सर्वोच्च परमेश्वरले शासन गर्नुहुन्छ।"

**"सर्वोच्च परमेश्वरले शासन गर्नुहुन्छ" भन्ने आत्मज्ञान हामीमा हुन किन जरुरी छ? हाम्रो रेखदेखमा आएका वा हामीले शासन गर्ने मानिसहरूमाथि कस्तो व्यवहार गर्नुपर्दो रहेछ भन्ने कुरामा सजग हुन उक्त ज्ञानले हामीलाई कसरी सिकाउँछ?**

## ४. स्वर्गतिर आँखा लगाउनु

कसरी र किन राजको निम्ति परिस्थिति बदलियो? हेर्नुहोस् दानिएल ४:३४-३७ "३४ त्यो समयको अन्तमा म, नबूकदनेसरले आफ्नो आँखा उठाएर स्वर्गतिर हेरे, र मेरो होश फर्क्यो। तब मैले सर्वोच्चको प्रशंसा गरें, सदासर्वदै जिउनुहुने उहाँलाई मैले आदर र महिमा गरें। उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो, उहाँको राज्य पुस्तादेखि पुस्तासम्म रहिरहन्छ। ३५ पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्। स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा "तपाईंले के गर्नुभयो" भनी कसैले पनि सोध्न सक्दैन। ३६ मेरो होश फर्केकै समयमा, मेरो राज्यका गौरवको लागि मेरो आदर र प्रताप मकहाँ फर्केर आयो। मेरा सल्लाहकारहरू र भारदारहरूले मलाई खोज्न थाले, र म आफ्नो सिंहासनमा फर्केर् र पहिलेको भन्दा पनि महान् भएँ। ३७ अब म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ।"

परमेश्वरले राजा नबूकदनेसरलाई कहालीलाग्दो रोगले सताउन दिनुहुन्छ। अनि बिस्तारै राजाको होसलाई परमेश्वरले फर्काउनुहुन्छ त्यसपछि उनको दिमाग सन्तुलनमा आउँछ। सात वर्षसम्म पीडा भोगिरहेका राजाले त्यस समयको अन्ततिर जब स्वर्गतिर उनका आँखा लगाउँछन् तब दानिएलले भने अनुसार नै ती सबै परिवर्तन भए । (दानिएल ४:३४)।

"सात वर्षसम्म राजा नबूकदनेसरको चर्तिकला देखेर उनका प्रजाहरू अचम्मित भएका थिए। सारा संसारको सामु उनी सात वर्षसम्म झुकेका थिए। अनि बल्ल उनको घैंटोमा घाम लाग्यो र फेरि होसमा आए। नम्र भएर स्वर्गका परमेश्वरलाई पहिचान गरे र आफूले पाएको दण्डमा उहाँकै हात थियो भनेर राजाले स्वीकारे। सार्वजनिकरूपमा आफ्नो दोष स्वीकारेकोमा र परमेश्वरको महान् सदाशयताद्वारा उनलाई फेरि पुनर्स्थापित गरिएको थियो।"- एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स्,* पृ. ५०बाट रूपान्तरित।

जब हामी स्वर्गतिर आँखा उचाल्छौं तब ठूला ठूला परिवर्तनहरू आउन सक्ने कुरामा कुनै विवाद छैन। होसमा आएपछि राजाले आफू कुन परिस्थितिमा हुनुपुगें भनेर बुझ्ने वित्तिक्कै उनले पाठ सिकेको कुरा राजाले प्रमाणित गरे।

एउटा कुरो ख्याल गर्नु जरुरी छ। नबूकदनेसरको कथा खास गरेर उनको नभएर परमेश्वरको दया र सदाशयताको कथा हो। इस्राएलको परमेश्वर आफ्नो जीवनको पनि परमेश्वर हुनुहुन्छ भनेर स्वीकार्ने अवसर राजाले तीन पटक गुमाएका थिए। पहिलो पल्ट, जब उनले इस्राएलबाट पक्रेर युद्धबन्दी वनाएका दानिएल र उनका साथीहरूको असाधारण ज्ञान र बुद्धिलाई पहिचान गर्ने अवसर पाउँदा (दानिएल १), दोस्रो पटक जब दानिएलले उनको सपना र त्यसको अर्थ बताइदिए (दानिएल २) र तेस्रो पटक जब ती तीन जना युवाहरूलाई दनदन बलिरहेको आगोमा ज्यूँदै हिडिरहेको देखे। परमेश्वरको अस्तित्व र उहाँको महाशक्तिको बारेमा बुझ्ने अवसर उनलाई मिलेको थियो (दानिएल ३)। *आगोबाट उद्धार गरिएको अलौकिक कामले पनि राजाको हृदयलाई नम्र पारेन वा परमेश्वरको सामु पग्लिएन भने अरू केले पग्लेला?* राजाको हठको बावजूद पनि परमेश्वरले एक पछि अर्को मौका दिएर चौथौं पटकमा उनको हृदय जित्नुहुन्छ र उनलाई फेरि शाही पदमा पुनस्थापना गर्नुहुन्छ (दानिएल ४)। बारम्बार मौका दिएर भएपनि मानिसहरू परमेश्वरसँगको ठीक सम्बन्धमा आऊन् भन्ने चाहना परमेश्वरको हो भनेर नबूकदनेसरको मामिलाले प्रष्ट रूपमा देखाउँदछ। (नबूदकनेसरको जीवनी वा

घट्ना मानिसहरूलाई पाठ सिकाउन भएको आपतकालीन घट्ना भनेर मानिलिनुपर्छ। किनभने जीवन चक्रमा सबैले त्यही अनुभव गर्छन् भन्ने छैन न त परमेश्वरलाई ग्रहण गर्न त्यस्तो मौका नै मिल्छ। कतिपय मानिसहरूको अन्त्य दोस्रो मौका नमिलिकनै हुनसक्छ-अनुवादकको थप)। तर त्यसको धेरै सय वर्षपछि पावल लेख्दछन् "परमेश्वर चाहनुहुन्छ कि संसारमा जन्मेका सबै मानिसहरूले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आउन सकून्" (१ तिमोथी २:४ रूपान्तरित)। पावलले भनेका यी सत्य कथनको शक्तिशाली उदाहरण राजा नबूकदनेसरको कथामा हामी पाउँछौं (साथै परमेश्वर कुनै एक जात वा देशको नभएर संसारमा जन्मिएका प्रत्येक मानिसको परमेश्वर हुनुहुन्छ भनेर सो कथामा हामी सिक्न सक्छौं-अनुवादकको थप)।

**तपाईंले जीवनमा कस्ता कस्ता अनुभवहरू गर्नुभयो जसले गर्दा परमेश्वरको सामु तपाईंले झुक्नुपर्‍यो? र सो अनुभवबाट तपाईंले के सिक्नुभयो? परमेश्वरको उपस्थिति र सदाशयताको अनुभव गर्न राजा नबूकदनेसरले भोगे जस्तो भिषण परिस्थिति तपाईंमा आउन नदिन तपाईं कसरी सजग भइरहनुहुन्छ?**

## ५. परमेश्वरप्रतिको नम्रता तथा आभार

**पश्चाताप गरेपछि राजा नबूकदनेसरले यो घोषणा गरे "पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्" (दानिएल ४:३५)। जुन परिवेशमा राजाले यो वाक्य उच्चारण गरे त्यसमा उनले के महत्त्वपूर्ण कुरो औंल्याइ रहेका थिए?**

**सत्य** परमेश्वरको प्रभुत्वलाई नबूकदनेसरले भित्री हृदयदेखि स्वीकारे भन्ने कुरा हामी कसरी थाहा पाउँछौं? दानिएल ४मा दानिएलले लेखेको बिवरणमा राजा नबूकदनेसर आफैले लेखेको पत्र समावेश हुनु नै त्यसको सबुद प्रमाण भएको मान्नुपर्छ। यस अध्यायमा लेखिएका प्रायजसो सामग्रीहरू राजाले आफ्ना प्रजाहरूलाई अवगत गराउन लेखिएको पत्र भन्न मिल्छ। यस पत्रमा राजाले आफ्नो घमण्ड र पागलपनको उल्लेख गरेका छन् भने उनको जीवनमा परमेश्वरले हस्तक्षेप गर्नुभयो भनेर पनि नम्रताका साथ स्वीकारेको पाइन्छ। आफूलाई होच्याइएको कुरा प्राचीन राजाहरू हतपत लेख्दैनथे। पौराणिक राजाका कागजपत्रहरू प्रायजसो तिनीहरूकै प्रशंसा र महिमाले भरिएको हामी पाउँछौं। आफू घमण्डी भएको कुरा स्वीकार्दै आफू पशु जस्तै हुनपुगेको कुरा स्वीकार गर्नुले पनि परमेश्वरप्रति उनको आत्मा परिवर्तन भएको कुरालाई देखाउँछ। आफ्नो अनुभवको बृतान्त लेखेर परमेश्वरको प्रभुत्व वा सार्बभौमिकतालाई नम्रताका साथ स्वीकार्नुले राजा परमेश्वरको निम्ति साक्षी हुन

पुगेका थिए। सत्य सनातन सृष्टिकर्ता परमेश्वरबाट उनले जे सिके र अनुभव गरे त्यो आफूमा राख्न सकेका थिएनन्। परमेश्वरप्रति गरिएको प्रशंसा र उहाँलाई गरिएको प्रार्थनाबाट उनको अनुभवको वास्तविकतालाई प्रकट गरेको हामी पाउँछौं। उनले यो स्वीकार गरे कि "३४ त्यो समयको अन्तमा म, नबूकदनेसरले आफ्नो आँखा उठाएर स्वर्गतिर हेरे, र मेरो होश फर्क्यो। तब मैले सर्वोच्चको प्रशंसा गरें, सदासर्वदै जिउनुहुने उहाँलाई मैले आदर र महिमा गरें। उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो, उहाँको राज्य पुस्तादेखि पुस्तासम्म रहिरहन्छ। ३५ पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्। स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा "तपाईंले के गर्नुभयो" भनी कसैले पनि सोध्न सक्दैन। ३६ मेरो होश फर्केकै समयमा, मेरो राज्यका गौरवको लागि मेरो आदर र प्रताप मकहाँ फर्केर आयो। मेरा सल्लाहकारहरू र भारदारहरूले मलाई खोज्न थाले, र म आफ्नो सिंहासनमा फर्केर् र पहिलेको भन्दा पनि महान् भएँ। ३७ अब म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ" (दानिएल ४:३४-३७)।

अब राजाको मूल्यमान्यता फरक भएको थियो र मानिसको शक्तिको सिमानाको बारेमा उनले महसुस गरेका थिए। राजाले व्यक्त गरेका प्रकाण्ड वा अत्यन्तै गहिरो धन्यवादको प्रार्थनामा दानिएलको परमेश्वरको ठूलो गुणगाण उनी गर्दछन् र "संसारिक मान मर्यादाहरू केही पनि होइनन्" (दानिएल ४:३५ रूपान्तरित) भनेर स्वीकार्दछन्। त्यसको अर्थ मानिसहरू आफैमा केही पनि होइनन् जसले घमण्ड वा सेखी गर्न सकून्। दानिएलको पुस्तकमा उल्लेख गरिएको राजा नबूकदनेसरको अन्तिम झलकले उनी नम्र र आभारी भएर परमेश्वरको स्तुति र प्रशंसा गरेको देखाउँछ। हामी कुनै अहङ्कार वा घमण्डले फुल्नुहुन्न भन्ने पाठ हामीले त्यसबाट सिक्नुपर्दछ।

आज पनि परमेश्वरले मानिसहरूको जीवन निरन्तररूपमा परिवर्तन गरिरहनुहुन्छ। हामी जतिसुकै पापी वा घमण्डी भएतापनि उहाँको करुणा र शक्तिले विद्रोही पापीहरूलाई समेत स्वर्गको परमेश्वरका सन्तानको रूपमा परिवर्तन गर्न सक्नुहुन्छ।

**फिलिप्पीहरूलाई २:१-११ पढ्नुहोस्। हाम्रो जीवनमा कुनै सेखी, घमण्ड वा अहङ्कार छ भने त्यसलाई समाप्त गर्न हामी के गर्न सक्छौं? हेर्नुहोस्,**

"१ यदि खीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो खीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।"

## उपसंहारः

**थप जानकारीः** "एक पटक घमण्डले फुलेका सम्राट परमेश्वरका बालक हुन पुगे। उनी निरङ्कुस र शोषक राजा थिए तर पछि बुद्धिमानी र करुणामयी राजा हुन पुगे। परमेश्वरको अस्तित्व स्वीकार नगर्ने र उहाँको नाउँको बेइज्जत गर्ने राजाले अब उच्च परमेश्वरको शक्तिलाई स्वीकारे र आफ्ना प्रजाहरूको बीचमा यहोवाको भय मान्नुपर्ने वातावरण बनाइदिए र तिनीहरूको हितको निम्ति सक्रिए भए। राजाहरूका महाराजा र प्रभुहरूका प्रभुको अनुशासनमा राजा नबूकदनेसरले सबै शासक वर्गहरूले सिक्नुपर्ने पाठ सिके। कसैको महनतामा सत्य भलाइ वा परोपकारिता समावेश हुनुपर्छ। यहोवा परमेश्वर जीवित परमेश्वर हुनुहुन्छ भन्ने कुरा स्वीकार्दै उनले भने "म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ।"

"तत्कालीन विश्वको महान् साम्राज्यको राजाले परमेश्वरको स्तुति गाऊन् भन्ने उहाँको चाहाना अब पूरा भयो। सार्वजनिक रूपमा परमेश्वरको दया, भलाई र प्रभुत्वलाई राजा नबूकदनेसरले गरेको स्वीकार नै पवित्र

इतिहासमा लेखिएको उनको जीवनको अन्तिम कार्य थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स्,* पृ. ५२१बाट रूपापन्तरित।

**चिन्तनमनन्:**

अ. "यदि मानिसमा घमण्ड वा अहङ्कार भयो भने यसले अरू सबै दुर्गुण, खराब आचरण, भ्रष्टता, आफ्नोमात्र भाऊ खोज्ने, अनैतिकता जस्ता स्वभावहरूलाई बढाउन थाल्छ। यस्तो खालको दिमाग हुनु भनेकै परमेश्वरप्रतिको विद्रोही भावनालाई सजाइ राख्नु हो। के यो बढाइचढाइ गरेर लेखिएको हो त? यदि हो भने सोच्नुहोस्।मानिसहरू आफूमा भएको घमण्डीपनालाई स्वीकार्दैनन्। यदि तपाईंमा भएको घमण्डीपना पत्ता लगाउन चाहनुहुन्छ भने सबभन्दा सजिलो उपाय त यो छ कि" 'जब अरूले मलाई वास्ता गर्दैनन् तब ती मानसहरूप्रति म कतिको रुष्ट हुन्छु वा तिनीहरूलाई मन पराउँदिन वा कसैले मेरो कुरा सुन्दैन वा जबरजस्ती मलाई कर गर्छ वा मलाई चिप्लो घस्छ वा मेरो अगाडि केवल देखावटीरूपमा मात्र मान गरे जस्तो गर्छ तर पर्दा पछाडि भने कुरा काट्दै हिड्छ तब तपाइँलाई कस्तो लाग्छ?" प्रत्येक मानिसको घमण्ड अरू मानिसको घमण्डको प्रतिस्पर्धी हो। जब कतै म प्रख्यात हुन चाहन्छु तर मेरो सट्टा अरू नै त्यो बनिदिन्छ तब मलाई रिस उठ्छ। यस्तो परिस्थितिमा दुई जनाको अहंम् मिल्नै सक्दैन।"-सी.एस. लिविस, *मेयर क्रिस्चियानिटी (*न्यु योर्कः टचस्टोन, १९९६), पृ. ११०बाट रूपान्तरित। लिविसले के भनिरहेका छन् यसले तपाईंको जीवनमा घमण्ड वा अङ्कारको विषयमा प्रस्टयाउन सहयोग मिल्छ होला कि?

आ. यो अध्याय र अन्य अध्यायहरूको मूल विषयबस्तु नै परमेश्वरको सम्प्रभुता वा सार्बभौमिकता हो। यो विषयवस्तुलाई बुझ्न किन आवश्यक छ? यस निर्णायक सत्यलाई बुझ्न साबथको गरिमाले कसरी भूमिका खेल्दछ?

## कथा ५
## ककस क्षेत्रमा येशूलाई भेट्टाउनु
## आन्द्र्यु मेकचिस्नी

अमेरिकाबाट आएका एक समूहले क्वायट आवर स्वास्थ्य प्रदर्शनी कार्यक्रम **रुसको दक्षिणी** क्षेत्रमा रहेको सहर भोल्गोडोनस्कमा गर्न चाहेको थियो। त्यस समूहलाई दोभाषेको आवश्यकता थियो। त्यसबेला सत्र वर्षको स्टिफन आभाकोभले दोभाषे कामका लागि आफूलाई स्वयं सेवकको रूपमा काममा लगाउन भनी त्यस समूहकहाँ आयो। जब त्यो कार्यक्रम त्यस सहरमा सम्पन्न भयो तब त्यस कार्यक्रमको आयोजक भिनसिन्ट पेजले रुसको नर्थ ककेस क्षेत्रमा हुने त्यही स्वास्थ्य प्रदर्शनीमा पनि सहयोग गर्न आभाकोभलाई आग्रह गऱ्यो। त्यो गर्मी महिनाको समय थियो। त्यसबेला आभाकोभको स्कूलमा छुट्टी थियो। आफ्नी आमालाई के गरूँ भनेर उसले सोध्यो। "तिमी किन नजाने त? किनभने त्यसमा तिमीले झन अङ्ग्रेजी भाषा सिक्न सक्छौ" आमाले भनिन्। स्थानीय पास्टर भेनियमिन तारास्युकले पनि उसलाई आशिष दिएर भने "यदि तिमी बप्तिस्मा लिन चाहन्छौ भने फर्केर आऊ। म तिमीलाई बप्तिस्मा दिन्छु।" तर आभाकोभ छक्क पऱ्यो र मनमनमै भन्यो "यो पास्टर त बहुलायो कि क्या हो। म बप्तिस्मा लिन चाहन्न।"

आभाकोभ क्वायट आवरको स्वास्थ्य प्रदर्शनीमा दुई महिनासम्म संलग्न भयो। ती दिनहरूमा उसले सेभेन्थ-डे एडभेन्टिस्ट जीवनशैली अपनाउनुपरेको थियो। त्यस स्वास्थ्य कार्यक्रम समूहले बिभिन्न सहरहरूमा कार्यक्रम आयोजना गऱ्यो। एडभेन्टिस्टहरू बिहानै उठ्थे, बाइबल पढ्थे, प्रार्थना गर्दथे र सबै जना मिलेर परमेश्वरको आराधना गर्दथे। आभाकोभको निम्ति यो कुरा नौलो थियो।

एक दिन आयोजक पेजले आभाकोभलाई पूर्वी युरोपको अर्को देश लिथुवानियामा आउन अनुरोध गरे। आभाकोभले आफ्नो पासपोर्ट घरमै छोडेको थियो। पेजले उसलाई सय डलर दिएर भने "घर जाऊ, तिम्रो पासपोर्ट लिएर एक दिनमै घर फर्क।"

अर्को दिन बिहान पाँचै बजे त्यो युवक होटेलबाट निस्क्यो तर कहाँ गएर आफ्नो घर जाने बस पक्रिने भन्ने उसलाई थाहा थिएन। जब होटेलबाट ऊ निस्क्यो तब उसले प्रार्थना गऱ्यो "हे प्रभु, यदि तपाईं हनुहुन्छ भने म कुन

बसमा जाने हो त्यो ठाउँमा जान मलाई सहयोग गर्नुहोस्।" प्रार्थना गरेर हिँडेपछि ऊ त बस स्टेशनकै नजिकै पो पुगेछ। यो देखेर ऊ छक्क" पऱ्यो। एउटा बस पर्खिरहेको थियो। भित्र यात्रुहरूले ड्राइभरलाई किन पर्खिरहेको भनेर गुनासो गर्दै थिए। तर आभाकोभ भित्र पस्ने बित्तिकै बसको ढोका बन्द भयो र बस त्यहाँबाट हाड्यो।

दिनभरी त्यस्तै खालका अचम्म लाग्दा कामहरू भए। जब त्यो रात आभाकोभ पासपोर्ट हातमा लिएर होटेलमा फर्क्यो तब आफ्नो कोठामा घुँडा टेकेर उसले प्रार्थना गऱ्यो "प्रभु, अहिले मलाई थाहा भयो कि तपाईं जीवित परमेश्वर हुनुहुदोरहेछ। तपाईंले मलाई प्रेम गर्नुहुन्छ भनेर तपाईंले मलाई देखाउनुभएको छ। तपाईंले नै मलाई खिँचिरहनुभएको छ। अहिलेदेखि नै तपाईं मेरो प्रभु हुनुहुन्छ। प्रभु तपाईं मभित्र रहनुहोस्।"

बिहान पासपोर्ट देखाउँदै पेजले भन्यो, "मेरो पासपोर्ट लिनुहोस्। तर त्यो भन्दा अत्यन्तै महत्त्वपूर्ण कुरा त्यहाँ गएको रात नै मैले मेरो हृदय प्रभुलाई सुम्पैं।" पेज र अरू सबै जना खुशी भएर ताली बजाए। तीन हप्तापछि पास्टर तारास्युकले आभाकोभलाई बप्तिस्मा दिए। यो सेप्टेम्बर १०, १९९३को कुरो हो।

छ वर्षपछि पास्टर तारास्युक आभाकोभको ससुरा बने। आभाकोभ अहिले ४२ वर्षका छन्। उनी अहिले संयुक्त राष्ट्रसंघ र अन्य निकायहरूको निम्ति पेशागत रूपमै दोभाषे विज्ञ बनेका छन्। उनी रूसका अनाथहरूलाई सहयोग गर्ने एक संस्थाको संस्थापक र अध्यक्ष पनि हुन्। आफ्नो आत्मा परिवर्तनको कथा रोमी ५:१मा पाइन्छ भनेर यी लेखकलाई आभाकोभले भनेका थिए "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप वा शान्ति भएको छ।" "यस पदले म कसरी परिवर्तन भएँ भन्ने बताउँछ" आफ्नो बारेमा आभाकोभले भने।